प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल
फोन/फ्याक्सः ०५७-५२७२१८
०५७-५२७२२०
E-mail: moeap3@gmail.com

अत्यन्त जरुरी
गोप्य

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- १५६६

मितिः २०७६/०३/३०

विषय : आर्थिक वर्ष २०७६/०७७ को खर्च गर्ने अख्तियारी र मार्गदर्शन।

आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयन र अनुगमनलाई नतिजामूलक तथा प्रभावकारी बनाउनका लागि निम्न विषयहरुलाई ध्यान दिनु हुन र मातहतका सबै कार्यालय/निकायलाई समेत सोही बमोजिम निर्देशन हुन अनुरोध गर्दछु।

(क) कार्यक्रम स्वीकृति, बाँडफाँट र निकासा

१. PLMBIS (Provincial Line Ministry Budget Information System) मा स्पष्ट क्रियाकलाप यकिन नगरी एकमुष्ट बजेट राखिएको वा थपघट भएको वा एकाइ फरक परेको वा दोहोरो परेको भए कार्यान्वयन गर्दा स्वीकृत भएको आधारमा सोको स्पष्ट यकिन गरेर मात्र कार्यान्वयन गर्नु हुनेछ।

२. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रकृयाबाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा गरिने छैन।

३. खर्च शीर्षक नं. २८९११ र ३१५११ मा विनियोजित बजेट भए, यस मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु हुनेछ।

४. मन्त्रालय/निकायमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगर्ने तर नयाँ कार्यक्रमका लागि थप निकासा माग्ने कार्य गर्नु हुने छैन। चालु वर्षको बीचमा आएर कुनै पनि नयाँ कार्यक्रम थप गर्न पाइने छैन।

५. बजेटको भुक्तानी निकासा एकल खाता कोष प्रणालीबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ।

६. प्राकृतिक प्रकोप, विपत्ति तथा संकट र विशेष अवस्थामा बाहेक कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमा भित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
दर्ता नं.: २

फोन/फ्याक्स: ०५७-५२७२१८
०५७-५२७२२०
E-mail: moeap3@gmail.com

पत्र संख्या :-
चलानी नं. :-

मिति:.......................................

७. योजना तथा कार्यक्रमहरुमा एकमुष्ट बजेट विनियोजन भएको भए सोको स्पष्टता यकिन गरी वस्तुनिष्ठ र कार्यान्वयनयोग्य हुने गरी, ढिलाई नगरी, यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु हुनेछ।

**(ख) बजेट कार्यान्वयन व्यवस्था**

८. चालु खर्चतर्फ मितव्ययिता र कार्यक्रमगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नु हुनेछ।

९. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ। सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु बनाउने गरी बजेटको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु हुनेछ।

१०. आ.व. २०७६/०७७ को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेवार बनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

११. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमाको कार्य २०७६ श्रावण २० गतेसम्म गर्नु हुनेछ।

१२. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीका क्षेत्रमा प्रारम्भदेखि नै बजेट विनियोजनमा दक्षता हासिल गर्ने तर्फ यस मन्त्रालयको कार्य लक्ष्य रहेको विषयलाई समेत ध्यान दिई कार्यान्वयनमा परम्परागत पद्दतिमा सुधार गर्नु हुनेछ।

१३. अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्य योजना बनाई कार्य सम्पादन गर्ने र सोको एक प्रति यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। यस मन्त्रालयले समेत बजेट कार्यान्वयन उपलब्धीको निरन्तर अनुगमन गर्नेछ।

१४. स्वीकृत बजेटको सीमा र स्वीकृत दरवन्दी भित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। नयाँ सेवा करारमा लिंदा सम्भव भएसम्म व्यक्ति नभई फर्मबाट सेवा करारमा लिनु पर्नेछ। सेवा करारमा कार्यरत व्यक्तिको तलब/पारिश्रमिक खर्च शीर्षकबाट खर्च लेख्न पाइने छैन। खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्नेछ। सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाईने छैन।

१५. सम्बन्धित निकायबाट कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब/पारिश्रमिक, भत्ता वापतको रकम भुक्तानी गर्नु पर्नेछ।

प्रदेश सरकार
फोन/फ्याक्स: ०५७-५२७२१८
०५७-५२७२२०
# आर्थिक मामिला तथा योजना मन्त्रालय
E-mail: moeap3@gmail.com
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मितिः.........................................

१६. विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७. आयोजना तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान लगायतका कार्य गर्नुका साथै ढिलोमा पनि **भाद्र मसान्तभित्र** बोलपत्र आह्वान समेत गरी **कार्तिक मसान्तभित्र** बोलपत्र मूल्याङ्कन, ठेक्का सम्झौता गरी कार्य शुरु गर्ने कार्यादेश दिने व्यवस्था मिलाउनु हुनेछ। यसरी ठेक्का सम्झौता गर्दा ठेकेदारको वर्तमान कार्य अवस्था, विगतको निजको कार्य उपलब्धिको प्रभावकारिता, सम्पन्न गरेका कामहरुको गुणस्तर लगायतका पक्षहरुलाई हेरी निजको कार्य चाप र काम तोकिएको समयमा सम्पन्न गर्ने आधार स्पष्ट तय गरी प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको पालना गरी कार्य सम्पन्न गर्नु हुनेछ।

१८. आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्दा आयोजनाको लक्ष्य र उपलब्धिलाई मापन गरी सो आधारमा गर्नु हुनेछ।

१९. यस प्रदेशको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार मात्र सवारी साधन खरिद सम्बन्धी कार्य गर्नु हुनेछ।

२०. बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्बन्धमा प्रचलित कानूनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

२१. मन्त्रालयहरुबाट उपलब्ध गराईने विभिन्न अनुदानहरु प्रदेश सरकारबाट जारी गरिएको कार्यविधि अनुरुप प्रदान गर्नुपर्नेछ।

२२. समपूरक र विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरु भए समयमै त्यसको प्रकृया सुरु गरी सङ्घीय सरकारबाट श्रोत जुटाउने प्रकृयाका लागि आवश्यक कार्य अगाडि बढाउनु हुनेछ।

२३. आर्थिक सहायता लगायतका खर्च शीर्षकमा रकम विनियोजन भएको भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार गर्नु हुनेछ।

२४. आ.व. २०७५/०७६ मा विनियोजन भएका क्रमागत योजनाको रुपमा पहिचान भएका योजनाहरुको आ.व. २०७६/०७७ को तोकिएको समयमा नै सम्पन्न गर्नेगरी प्रकृया अगाडि बढाउनु हुनेछ।

२५. PLMBIS का कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गर्नु गराउनु हुनेछ। अर्को कार्यक्रम स्वतः फ्रिज भएको मान्नु पर्नेछ।

प्रदेश सरकार

फोन/फ्याक्स: ०५७-५२७२१८
०५७-५२७२२०

# आर्थिक मामिला तथा योजना मन्त्रालय

E-mail: moeap3@gmail.com

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति:..........................................

२६. PLMBIS मा तहाँ मन्त्रालय/निकाय अन्तर्गत जिल्लास्थित एक कार्यालयका योजनाहरु अर्को कार्यालयमा प्रबिष्टि भएको भए समयमै जुन कार्यालयबाट कार्यान्वयन गराउनु पर्ने हो सो सम्बन्धी व्यवस्थाका लागि मन्त्रालय/निकायगत निर्णय सहित पेश गर्नु हुनेछ।

**(ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

२७. पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

२८. शुरु अख्तियारी दिइएको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा रकम बचत रहेको सुनिश्चितताका लागि **अनिवार्य रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी** सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ। दोस्रो चौमासिक सुरु नभई रकमान्तर सम्बन्धी कार्य गरिने छैन।

२९. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षहरुको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु हुनेछ। यी खर्च शीर्षकहरुबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन।

३०. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा खरिद वा अन्य सेवा खरिद गर्दा हाललाई सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद अन्तरिम कार्यविधि, २०७५ अबलम्बन गर्नु हुनेछ।

३१. प्रचलित कानूनी व्यवस्था अनुसार प्रतिवेदन प्रणाली सामयिक र व्यवस्थित गर्नु हुने नै छ। कार्यक्रम खर्चको उपलब्धि सहितको प्रकाशित प्रतिवेदन यस मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु हुनेछ।

३२. बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसार आयकर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(घ) अनुगमन, जवाफदेहिता र वित्तीय पारदर्शिता सम्बन्धी व्यवस्था**

३३. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेकोमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी समयमै यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नु हुनेछ।

प्रदेश सरकार
फोन/फ्याक्सः ०५७-५२७२१८
०५७-५२७२२०
# आर्थिक मामिला तथा योजना मन्त्रालय
E-mail: moeap3@gmail.com
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-
चलानी नं. :-
मितिः.....................................

३४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरीद गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी निकायहरुले स्वदेशी वस्तुहरुको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशत सम्म बढी भए पनि अनिवार्य खरिद गर्नुपर्ने व्यवस्थाको पालना गराउनु हुनेछ।

३५. चालु तथा पूँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा प्रभावकारी र मितव्ययितापूर्वक गर्नु गराउनु हुनेछ। सञ्चालन खर्च शीर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नु हुनेछ।

३६. प्रदेश मन्त्रालय, निकाय र सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित परिमाण वा उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ।

३८. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि लेखा अभिलेख राख्ने व्यवस्था गर्नु हुन साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था गर्नु हुनेछ। यस सम्बन्धी अन्य व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

३९. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (पान) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई रू. १,०००/- भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा पान नं. उल्लेख गरी भुक्तानी गर्ने र यस्तो पान नं. को जानकारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने, भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर कार्यक्रम सञ्चालन गर्नको लागि लिइने पेश्की रकम भुक्तानीमा भने स्थायी लेखा नं. (पान) आवश्यक पर्ने छैन।

४०. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता लगायतका अन्य रकम समेत बैंक खाता मार्फत भुक्तानी गर्ने सम्बन्धी एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७३ को बुँदा ९.१.१९ को व्यवस्था अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुनेछ। सबै सार्वजनिक भुक्तानी सम्बन्धी कारोवार बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४१. प्रचलित आयकर ऐनको व्यवस्था अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी समयमा नै कर दाखिलाको व्यवस्था मिलाउनुका साथै E-TDS समेत गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुनेछ।

प्रदेश सरकार

फोन/फ्याक्सः ०५७-५२७२१८
०५७-५२७२२०

# आर्थिक मामिला तथा योजना मन्त्रालय

E-mail: moeap3@gmail.com

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :- 0६५/६६
चलानी नं. :- १५६६

मितिः.....................................

४२. आ.व. २०७५/७६ को वित्तीय हस्तान्तरण मार्फत तहाँ मन्त्रालय/निकायलाई प्राप्त सङ्घीय सशर्त र समपूरक अनुदानबाट खर्च भएको खर्चको श्रोतगत विवरण २०७६ श्रावण १० गते भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु हुनेछ।

४३. आ.व. २०७६/०७७ को लागि सङ्घीय सशर्त अनुदान अन्तर्गत तहाँ मन्त्रालय/निकायलाई प्राप्त भएका कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना २०७६ श्रावण १५ गते भित्र तयार गरी यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु हुनेछ।

आ.व. २०७६/०७७ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको Website : moeap.p3.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने छ।

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३, हेटौंडा।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ३, हेटौंडा।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, सबै महाशाखाहरु।